देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## गाउँकार्यपालिकाको मिति २०८०।०३।७ गतेको एक्काईसौ बैठकका प्रस्तावहरु

१. प्रगति समिक्षा सम्बन्धमा ।
२. सभाको कार्यसूची सम्बन्धी जानकारी
३. बार्षिक निति तथा कार्यक्रम, २०८० सम्बन्धमा ।
४. आर्थिक बिधेयक, २०८० सम्बन्धमा ।
५. बजेट संशोधन तथा रकमान्तर सम्बन्धमा
६. आर्थिक सहयोग सम्बन्धमा ।
७. विविध सम्बन्धमा ।

- भिगृखोला-ग्यासलिक भई जलेर मृत्यू भएका पिडित परिवारलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
- मिटर खरिद सम्बन्धमा ।
- संघिय समपुरक योजनाको बचत रकम सम्बन्धमा ।
- जनता मा.वि.को बसभाडा सम्बन्धमा ।
- हंशपुर बृहत खानेपानी योजना सम्बन्धमा ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

बैठक संख्या-२१

गाउँकार्यपालिकाको एकाईसौं बैठकका निर्णयहरु-२०८०।०३।०७ गते

**निर्णय नं. १ गत बैठक र हाल सम्मको समिक्षा सम्बन्धमा ।**

प्रस्ताव न.१ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।२।२५ गतेको बैठकमा भएका निर्णय मध्ये सबै निर्णयहरु कार्यान्वयन भएको/प्रकृयामा गएको विषयमा जानकारी भयो ।साथै गाउँपालिका तथा वडा स्तरबाट योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा प्रगतिको बारेमा समिक्षा गरियो ।

**निर्णय न. २ सभाको कार्यसूची सम्बन्धी जानकारी सम्बन्धमा।**

प्रस्ताव न.२ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिकाले गाउँसभाको १३ औं अधिबेशनमा तपशिलका विषयबस्तु/प्रस्तावहरु पेश गर्ने जानकारी गराईयो ।

- प्रतिनिधि सभाका माननीय सदस्य श्री सूर्य बहादुर थापा क्षेत्रीको विशेष सम्वोधन
- बार्षिक नीती तथा कार्यक्रम,२०८०
- आर्थिक विधेयक, २०८०
- विनियोजन विधेयक,२०८०
- बार्षिक बजेट तथा कार्यक्रम,२०८०
- विधायन समितिको प्रतिवेदन,२०८०
- योजना तथा शुसासन समितिको प्रतिवेदन,२०८०
- अनुगमन समितिको प्रतिवेदन,२०८०
- चालु आ.ब.को खर्च प्रगति विवरण
- चालु आ.ब.को संशोधित बजेट तथा कार्यक्रम अनुमोदन
- मध्यमकालिन खर्च संरचनाको प्रतिबेदन
- सरुमरानी गाउँपालिकाको स्वास्थ्य निति,२०८०
- साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्वन्धि विद्येयक, २०८०
- अन्य विषयहरु/समसामायिक विषयबस्तुहरु

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडडाँडा प्युठान



विश्वकर्मा
अध्यक्ष

देवीदत्त पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## निर्णय न. ३ बार्षिक निति तथा कार्यक्रम, २०८० सम्बन्धमा ।

सरुमारानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम गाउँसभाको १३ औं अधिबेसनमा स्वीकृतिको लागी पेश गर्ने निर्णय गरियो ।

## निर्णय न. ४ आर्थिक बिधेयक, २०८० सम्बन्धमा ।

प्रस्ताव न.४ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागी स्थानीय कर तथा शुल्क संकलन तथा छुट सम्बन्धि व्यवस्था गर्न वनेको आर्थिक विधेयक २०८० लाई गाउँसभाको १३ औं अधिवेशनमा स्वीकृतिको लागी पेश गर्ने निर्णय गरियो ।

## निर्णय न. ५ बजेट संशोधन तथा रकमान्तर सम्बन्धमा ।

प्रस्ताव न.५ माथी छलफल गर्दा यस गाउँपालिकाको चालु आ.ब.को अल्या. रकम तथा स्वीकृत बार्षिक कार्यक्रमबाट निम्नानुसारको योजना तथा कार्यक्रमहरुलाई आगामी गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन तथा रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो ।

तपशिल

घटाउने

| सि.नं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ८०५५५५०७१०१ | वडा नं ६ का पूर्ण क्षति भएका विपद परिवारलाइ सहयोग, जस्तापाता वितरण तथा पुनर्स्थापना (विपद व्यवस्थापन) | २७२१२ | ६,७५,०००.०० | |
| २ | ८०५५५५०७१०१ | अन्य सेवा शुल्क | २२४१९ | ५,१०,०००.०० | |
| ३ | ८०५५५५०७३०२ | सिरुवारी र भिंग्री खोलामा सामुदायिक स्वास्थ्य इकाई सन्चालन खर्च | २२५२२ | ५,११,०००.०० | |

बढाउने

| सि.नं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ८०५५५५०७१०१ | ढुङ्गा गिट्टी संकलनमा खटिने कर्मचारीको थप पारिश्रमिक | २११३५ | ५,१०,०००.०० | |

देवीदत्त पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम ... प्रमुख प्रशासकीय अधिकृत

झगबहादुर ... गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ८०५५५५०७१०१ | सहकारी संस्थाको संस्थागत विकास तालिम गोष्ठी व्यवसायीक उत्पादन वृद्धि कार्यक्रम | २२५२२ | ३,७५,०००.०० | |
| ३ | ८०५५५५०७१०१ | सोलार मोटर खरिद | ३११२२ | ३,००,०००.०० | |
| ४ | ८०५५५५०७१०१ | स्तनपान कक्ष लगायतका पार्टेशन सम्बन्धी कार्य गाउँपालिकामा | ३१११३ | २,३०,०००.०० | |
| ५ | ८०५५५५०७१०१ | पाङकोट लिफ्ट खानेपानी योजना संघीय बजेट काटिएकोमा थप गरिएको | ३११५६ | १,३१,०००.०० | |
| ६ | ८०५५५५०७३०२ | विभिन्न सडक मर्मत योजना वडा नं ५ | ३११५१ | १,५०,०००.०० | |
| | | | | १६,९६,०००.०० | |

अक्षरेपी : रुपैयाँ सोह्र लाख छयान्नब्बे हजार मात्र ।

घटाउने

| सि.नं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ८०५५५५०७३०१ | प्र.अ. मासिक प्रोत्साहन भत्ता | २२५२२ | १२,७००.०० | |
| २ | ८०५५५५०७३०१ | प्र.अ. मासिक प्रोत्साहन भत्ता | २२५२२ | २,२०,०००.०० | |
| ३ | ८०५५५५०७३०१ | तल्लो हात्तिखाल खेलमैदान निर्माण | ३११५९ | ५०,०००.०० | |
| | | | | २,८२,७००.०० | |

बढाउने

| सि.नं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ८०५५५५०७३०१ | प्र अ बैठक भत्ता | २११३४ | १२,७००.०० | |
| २ | ८०५५५५०७३०१ | प्र अ बैठक भत्ता | २११३४ | २,२०,०००.०० | |
| ३ | ८०५५५५०७३०१ | तल्लो हात्तिखाल खेलमैदान निर्माण तथा तारजाली वडा नं ६ | ३११५९ | ५०,०००.०० | |
| | | | | २,८२,७००.०० | |

अक्षरेपी : रुपैयाँ दुई लाख बयासी हजार सात सय मात्र ।

देविप्रसाद पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय न. ६ आर्थिक सहयोग सम्बन्धमा ।**

क) प्रस्ताव न.६ माथी छलफल गर्दा यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | बिमारी/निबेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | रोजे मिया | वड न. १ | १०००० | विपन्न असहाय सहायता |
| २ | रामलाल सुनार | वडा न. ३ | १०००० | विपन्न असहाय सहायता |
| ३ | खुम बहादुर घामी | वडा न .१ | ५००० | विपन्न असहाय सहायता |
| ४ | पार्बती सोमै | वडा न. ४ | १२००० | विपन्न असहाय सहायता |
| ५ | टिकिसरा बादी | वडा न १ | १०००० | विपन्न असहाय सहायता |

ख) नेपाल प्रेश युनियनको पत्र अनुसार रु. १५०००.०० अन्य संस्था सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ७ विविध सम्बन्धमा ।**

- **भिगृखोला-ग्यासलिक भई जलेर मृत्यू भएका पिडित परिवारलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा न.६ भिगृखोला बस्ने लक्ष्मी देवी घर्तीमगरको मिति २०८०।०३।०१ गते खाना पकाउने ग्यास लिक भई आगालागी हुदाँ जलेर मृत्यू भएकोले आवश्यक सहयोगको लागी वडाको सिफारिस साथ आर्थिक सहयोग माग भएकोले निजलाई विपद ब्यबस्थापन कोषबाट रु.१०००००/-(एकलाख मात्र) सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

- **विधुत मिटर सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा न. ४ को दाङ्गसिङ्ग मान्द्रे लिफ्ट खानेपानी योजना संचालनको लागी विपन्न परिवार विधुत मिटर तथा सहयोग शिर्षकबाट २ वटा विधुत मिटर खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

- **संघिय समपुरक योजनाको बचत रकम सम्बन्धमा ।**

संघीय समपुरक योजना अन्तरगत बचत भएको गाउँपालिकाको रकमबाट बङ्गाडा बजार क्षेत्रमा करिव २५० मिटर मो.बा. स्तरउन्नोति/ग्रावेल गर्ने निर्णय गरियो

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल



देविप्रसाद पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

- **जनता माविको बस भाडा सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा न. ४ स्थित श्री जनता मा.वि.को बस भाडाको लागी आवश्यक पर्ने थप अनुमिनत बजेट रु.४,००,०००/- गाउँपालिकाको कन्टेन्जेन्सी खर्च रकम शिर्षकबाट भुक्तानी गर्ने भनि गाउँकार्यपालिको मिति २०७९/११/२९ गतेबाट निर्णय भएता पनि उक्त खर्च शिर्षकमा रकम नपुग भएकोले सो रकम गिट्टिवालुवाको रोयल्टि फिर्ता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

- **हंशपुर बृहत खानेपानी योजना सम्बन्धमा ।**

यस गाउँपालिकाको चालू आ.ब.को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत हंशपुर बृहत खानेपानी योजना निर्माण कार्य सम्पन्न गरी सूचारु गर्न केही फिटिङ्ग सामाग्रीहरु थप गर्नु पर्ने उक्त कार्यको लागी नपुग रकम रु.५०,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

- नदिजन्य पदार्थ ढुंगा, गिट्टि वालुवाको निकासी कार्यको राजश्व रसिद काटन रासी नदिका विभिन्न घाटमा यस कार्यालयबाट खटाईएका कर्मचारीहरुलाई दैनिक रुपमा उपलब्ध गराईने थप सुविधा रकम गिट्टि वालुवाको रोयल्टी फिर्ता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- .विद्यालय शिक्षा क्षेत्र कार्यक्रमका लागि स्वीकृत क्रियाकलाप तथा सो अन्तर्गतका उपक्रियाकलापका लागि तोकिएको भौतिक तथा वित्तीय लक्ष्य पूरा भई रकम वचत हुने र सोही उपशीर्षक अन्तरगत निशुल्कः पाठ्यपुस्तक, र दिवाखाजा कार्यक्रमका लागि स्वीकृत रकम अपुग हुने भएकोले अद्यावधिक/प्रमाणित शैक्षिक तथ्याङकका सोही उपशिर्षकको आन्तरिक बजेटबाट हिसाव मिलान गर्ने निर्णय गरियो ।
- मा वि स्तरिय मार्सलआर्ट प्रशिक्षण कार्यक्रम अन्तर्गत प्रशिक्षकको अपुग पारिश्रमिक सेवा तथा परामर्श शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/०३/०७

सम्मारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष